# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१ ) काठमाडौं, कात्तिक २३ गते २०५८ साल ( अतिरिक्ताङ्क ४६ (ख)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट संविधान दिवसको उपलक्ष्यमा २०५८ साल कात्तिक २३ गते देशवासीका नाममा बक्सेको सन्देश**

प्यारा देशवासीहरू,

नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएको आज ११ वर्ष पूरा भएको छ । यस सुखद अवसरमा हामी सबै नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्रद्धेय स्वर्गीय दाज्यू श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहबाट नेपाली जनतालाई चीरकाल पर्यन्त सामाजिक, राजनैतिक एवम् आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित होइबक्सी र प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताबीच भ्रातृत्व र एकता कायम हुन सकोस् भन्ने अभिप्राय लिईबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा गरी लागु गरिबक्सेको हो । यस संविधानप्रति प्रजावत्सल दाज्यूबाट दर्शाइबक्सेको निष्ठा कसैबाट पनि लुकेको छैन र हामी सबैका लागि त्यो अनुकरणीय मार्गदर्शनको रूपमा रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रजातन्त्रको संरक्षण र सम्बर्द्धन गर्ने आधार प्रत्येक व्यक्ति तथा संघ संस्थाको संविधान अनुरूपको आचरण र व्यवहार नै हो । संविधानको सर्वोपरिता तथा मर्मलाई आत्मसात गरी त्यसबाट प्रदत्त अधिकारको उपभोग निर्वाध रूपमा प्रत्येक नागरिकले गर्न पाउने वातावरण सिर्जना गर्नेतर्फ सबैको प्रयास भएमा बहुदलीय प्रजातन्त्र अझ सुदृढ हुँदैजाने कुरा सुनिश्चित छ ।

आजको यस दिनले सम्पूर्ण नेपालीलाई राष्ट्रिय एकता र राष्ट्रको दीगो विकासप्रति समर्पित हुन प्रेरणा देओस् । यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग